गाउं कार्यपालिकाको कार्यालय

वनियानी, झापा

१ नं. प्रदेश

गाउंपालिका आवाधिक विकास योजना (Rural Municipality Perodic Development Plan) तयार गर्ने सम्बन्धी प्रस्ताव आव्हानको सूचना

***प्रथम पटक प्रकाशित मिति : २०७५।१२।२२***

यस गाउंपालिकाले गाउंपालिकाको क्षेत्रगत स्थिति सहितको विवरण खुल्ने गरी ५ (पांच) वर्षे गाउंपालिका आवाधिक विकास योजना (RMPDP) निर्माण गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका सेवा प्रदायक संस्थाहरुले १५ (पन्ध्र) दिन भित्र तपशिलमा उल्लेख भए बमोजिमका कागजातहरु सहित आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै शीलवन्द गरी पुनः दुवै शीलवन्दी खामहरुलाई अर्को खाम भित्र राखी शीलवन्द गरी यस गाउंपालिकाको कार्यालयमा कार्यालय समय भित्र पेश गर्न सूचना प्रकाशित गरिएको छ ।

***तपसिल***

१. सेवा प्रदायक संस्थाको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व.०७४।०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित छांया प्रति पेश गर्नु पर्नेछ ।
२. संस्थाको सम्वन्धित कामका अनुभव  TOR मा उल्लेख भए बमोजिम पेश गर्नु पर्ने छ ।
३. जनशक्तिको विवरण TOR बमोजिम समावेश हुनु पर्नेछ ।
४. काम सम्पन्न भए संगै ज्ञान र प्रविधि हस्तान्तरण सम्वन्धी व्यवस्था उल्लेख गर्नु पर्नेछ ।
५. वजेट बांडफांड सहित के कति मूल्यमा सो काम गर्न सकिने हो सोको कबुल अंक सहितको आर्थिक प्रस्ताव अंक र अक्षरमा लेखी शिलवन्दी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएको कुरालाई मान्यता दिइनेछ ।
६. प्रस्ताव छनौट गर्दा गुणस्तर र लागत विधि अपनाई छनौट गरिनेछ ।
७. संयुक्त उपक्रममा समेत प्रस्ताव पेश गर्न सकिनेछ ।
८. प्रस्ताव छनौट गर्दा प्राविधिक प्रस्तावमा उर्तीण भएका संस्थाहरुको मात्र आर्थिक प्रस्ताव मूल्यांकन गरिनेछ ।
९. कार्यालयले तयार गरेको कार्य विवरण (TOR) रु. १०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गरी सोही आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ ।
१०. माथि उल्लेख गरिएका बुंदाहरुका कुनै एक अपुग हुन आएमा स्वतः प्रस्ताव रद्द हुनेछ । यसमा उल्लेख नगरिएका अन्य विषय वस्तुहरुका हकमा प्रचलित ऐन कानून र सार्वजनिक खरिद ऐन, तथा नियमावली अनुसार हुनेछ ।
११. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहितरहने छ ।